२०७५, असार आइतबार १०

गाउँगाउँमा स्वास्थ्य सेवा लैजान आगामी दिनमा ठोस खालका कार्यक्रम सञ्चालन गरिने भन्दै उहाँले स्थानीय तहले स्वास्थ्य सेवासम्बन्धी विशेष कार्यक्रम गर्नुपर्ने बताउनुभयो।

## समाचार संक्षेप

### खोलामा डुबेर बालकको ज्यान गयो

इलाम, (नेस)

खोलामा पौडी खेल्ने क्रममा दक्षिणी इलामको माइनगरपालिकामा १ बालकको शनिबार डुबेर ज्यान गएको छ। माइनगरपालिका वडा नम्बर ३ बगैंचेका ज्ञानबहादुर दर्जीको ९ वर्षीय छोरा प्रविण दर्जीको लोदिया खोलामा डुबेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ। मृतक दर्जीको शवलाई झापा मेची अञ्चल अस्पतालमा पोस्टमार्टपछि परिवारले दाहसंस्कार गरेका छन्। यता वर्षासँगै परेको चट्याङको कारण जिल्लाकै चुलाचुली गाउँपालिकाको २ घरमा आगलागी भएको छ। चुलाचुली गाउँपालिका वडा नम्बर १ का अमृतबहादुर योङहाङ र उनको घरनजिकै रहेका छोरा दलबहादुर योङहाङको घरमा आगलागी भएको हो। टिनको छानो भएको दुवै जनाको १/१ तले घरमा रहेका सम्पूर्ण सामान पनि पूर्णरुपले क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। चट्याङबाट घरमा आगलागी भएपछि बाबु छोरा छिमेकीको घरमा आश्रय लिएर बस्न बाध्य बनेका छन्।

### आमा गुमाएका नवजात शिशुका लागि यूएईबाट सहयोग

खोटाङ, (नेस)

खोटाङ सेवा समाज यूएईले आमा गुमाएका नवजात शिशुका लागि आर्थिक सहयोग गरेको छ। समाजले सुत्केरी श्रीमती गुमाएका हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीका मिलन कार्कीलाई नवजात शिशुको स्याहार सुसारका लागि आर्थिक सहयोग गरेको हो।

जुम्ल्याहा छोरा र छोरी जन्माएलगत्तै श्रीमती २५ वर्षीया सरिता कार्कीको मृत्यु भएपछि समस्यामा परेका कार्कीलाई शनिबार ३० हजार ९ सय ५१ रुपियाँ आर्थिक सहयोग गरेको बताइएको छ। आमा गुमाउँदा लालनपालनमा कठिनाइ झेलिरहेका नवजात शिशुको सघाउमा पीडित परिवारलाई आर्थिक सहयोग गरिएको खोटाङ सेवा समाज यूएईका कोषाध्यक्ष हिराधन चाम्लिङले बताउनुभयो। कोषाध्यक्ष चाम्लिङले संकलित रकम शनिबार दिक्तेलस्थित होटल इन्द्रेणीमा पीडित मिलन कार्कीलाई हस्तान्तरण गर्नुभएको छ।

सरिताको नोबेल अस्पताल विराटनगरमा सुत्केरी भएको १ घन्टापछि गत जेठ २ गते मृत्यु भएको थियो। जिल्ला अस्पताल दिक्तेलमा सुत्केरी हुन नसकेपछि उनलाई एम्बूलेन्समार्फत विराटनगर पुऱ्याइएको थियो। सरिताले जुम्ल्याहा बच्चालाई सामान्यरुपमा जन्म दिए पनि घर फर्कने क्रममा छोरीको भने लहानमा आइपुगेपछि मृत्यु भएको आफन्तले बताएका छन्। श्रीमती गुमाएका कार्की पनि खोटाङ सेवा समाज यूएईका सदस्य हुन्।

### 'पर्यटक नै समृद्धिको आधार'

बुटवल, (नेस)

आन्तरिक तथा बाह्य पर्यटक नै समृद्धिको आधार भएको प्रदेश नं ५ का आन्तरिक मामिला तथा कानुनमन्त्री कुलप्रसाद केसीले बताउनुभएको छ। शहिद स्मृतिपार्क शंकरनगर वनवाटिका रुपन्देहीको साधारणसभामा मन्त्री केसीले प्रदेश नं ५ भित्र रहेका सबै धार्मिक, ऐतिहासिक, मनोरन्जनात्मक तथा विभिन्न प्रकृतिका पार्कमा आन्तरिक र बाह्य पर्यटक भित्र्याउन सके मात्र प्रदेशको समृद्ध नारा साकार हुने बताउनुभयो। अबको समृद्धि एकल प्रयासले सम्भव नहुने भन्दै पार्कको प्रबर्द्धनमा सबै जुट्न आग्रहसमेत गर्नुभयो। संस्थाका अध्यक्ष खेमलाल पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमले आगामी वर्षका लागि २२ लाख २५ हजार बराबरको अनुमानित बजेट पेश गरेको छ।

### क्यानले २ करोडको छात्रवृत्ति दिने

विराटनगर, (नेस)

कम्प्युटर एसोसिएन नेपाल महासंघ (क्यान)ले सूचना प्रविधि अध्ययनका लागि यस वर्ष ४९ जना विद्यार्थीका लागि १ करोड ८३ लाख बराबरको छात्रवृत्ति प्रदान गर्ने भएको छ। सूचना प्रविधि विषयको अध्ययन ग्रामीण क्षेत्रमा पुगोस् भन्ने उद्देश्यले गरीब तथा जेहेन्दार विद्यार्थीलाई क्यान नेसनल आईसीटी स्कलरसिप-२०७५ छात्रवृत्ति प्रदान गर्ने भएको हो। क्यान तथा लर्ड बुद्ध एजुकेसन फाउन्डेसनद्वारा विराटनगरमा शनिबार पत्रकार सम्मेलन गरी ७ वटै प्रदेशबाट छनोट भएका जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जानकारी दिए। ७ प्रदेशवाट ७ जना छात्रालाई छात्रवृत्तिअन्तर्गत काठमाडौंमा रहेको लर्ड बुद्ध एजुकेसन फाउन्डेसनमा स्नातक तहअन्तर्गत बीएसस्सी आईटी विषयमा अध्ययन गराइनेछ। उक्त छात्रवृत्तिअन्तर्गत फिमेल मेरिट आईसीटी स्कलरसिपबाट ४ जना, आईसीटी मेरिट स्कलरसिपबाट ३ जना र एक प्रदेशबाट ७ जना गरी जम्मा ७ प्रदेशबाट ४९ जनाले १ करोड ८३ लाख ३६ हजार ५ सय बराबरको छात्रवृत्ति प्राप्त गर्नेछन्।

छात्रवृत्ति प्रदान गर्नका लागि क्यान महासंघले जिल्ला, प्रदेश, र केन्द्रीयस्तरको छात्रवृत्ति छनोट समितिसमेत गठन गर्नेछ भने समितिले कक्षा १० र कक्षा १२ को प्राप्त अंक, स्थायी ठेगाना, आर्थिक अवस्था र स्थानीय सरकारको सिफारिसलगायतका आधारमा छनोट गर्नेछ। लर्ड बुद्ध एजुकसनका पंकज जलानले आगामी वर्ष छात्रवृत्तिको विद्यार्थीमा संख्यामा थप गर्ने बताए। पत्रकार सम्मेलनलमा प्रदेश नं १ का अध्यक्ष देवकुमार सुब्बाले सूचना प्रविधि विषयलाई शिक्षा मन्त्रालय विद्यालयस्तरीय पाठ्यक्रममा राख्नुपर्ने तथा सूचना प्रविधि विषयको अध्ययनको शुल्क महंगो भएको कम गर्नुपर्नेमा जोड दिए।

# नेपाली टोलीद्वारा 'पाइलट जोन'को अवलोकन

नेपाल समाचारपत्र

काठमाडौं

छिमेकी मुलुक चीन भ्रमणमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओलीसहितको नेपाली टोलीले शनिबार तिब्बतको क्यूसी काउन्टीमा रहेको 'चाइना नेसनल मोर्डन एग्रिकल्चर पाइलट जोन'को अवलोकन गरेको छ।

उच्च भेगमा आधुनिक प्रविधिबाट कृषि उत्पादन बढाउने लक्ष्यका साथ सो पाइलट जोन सञ्चालनमा छ। तिब्बत जनसरकारले सञ्चालन गरेको आधुनिक कृषि परियोजना विश्वमै उदाहरणीय बनाउने लक्ष्य लिइएको छ। शनिबार नै नेपाली टोलीले तिब्बतको 'फोर सिजन ह्याप्पी भिलेज'को समेत अवलोकन गरेको छ।

पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिएको सो एकीकृत नमुना गाउँ चिनियाँ कम्युनिस्ट पार्टीले स्थापना गरेको हो। प्रधानमन्त्रीसहितको टोलीले विश्वप्रसिद्ध पोतला दरबार र जोखान मन्दिरको समेत अवलोकन गरेको छ। तत्कालीन तिब्बेतियन सम्राट एवं लिच्छवी राजा अंशुवर्माका ज्वाइँ स्रङचङ गम्पोको पहलमा निर्माण भएको सो दरबार विश्व सम्पदा सूचीमा सूचीकृत छ। नेपालीपन झल्किने सो मन्दिर अंशुवर्मा पुत्री भृकुटीको पहलमा निर्माण भएको हो।

नेपाली टोलीको सम्मानमा शनिबार ल्हासास्थित वाणिज्य दूतावासले रात्रिभोजको आयोजना गऱ्यो। सो जमघटमा वाणिज्य दूतावासका कर्मचारी, तिब्बती नेपालीको समेत उपस्थिति रहेको बताइएको छ। ६ दिने औपचारिक भ्रमण सकेर प्रधानमन्त्री ओली आज आइतबार बिहान स्वदेश फर्किँदै हुनुहुन्छ।

## जलाउन लागिएको शवसहित १९ जना मलामी प्रहरी नियन्त्रणमा

गोरखा, (नेस)

जिल्लाको भीमसेन गाउँपालिका-१ मसेलमा सपुंगे दलित टोलबाट जलाउन घाटमा पुऱ्याइएको शव र मलामीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। आफ्नै छोरा राजेश विश्वले करिब ७० वर्षकी आमा बिबाको कुटपिट गरी हत्या गरेको आशंकामा घाटबाट शव र मलामीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी निरीक्षक मोहन श्रेष्ठले जानकारी दिए।

'घटना भएको भनेर स्थानीयले जिप्रकामा गराएको जानकारीको आधारमा हामी गएका थियौं', उनले भने- 'यो सामान्य मृत्यु होइन, आत्महत्या पनि होइन भन्ने शवको प्रकृति हेर्दा बुझिन्छ। यद्यपि यो पोस्टमार्टमपछि थाहा हुन्छ।' स्थानीयका अनुसार छोराले प्रायः सधैं मदिरा सेवन गरी घरमा आई आमालाई कुटपिट गर्ने गरेको खुलेको छ।

प्रहरीमा आएको जानकारीअनुसार राजेशले आमालाई बिहीबार कुटपिट गरेर सख्त घाइते बनाएका थिए। 'हामीलाई आएको जानकारीअनुसार बिहीबार छोराले आमालाई कुटपिट गरेर घाइते बनाएका थिए रे', जिप्रका गोरखाका डिएसपी भेषराज रिजालले भने- 'घाइते राजेशकी आमाको शनिबार बिहान मृत्यु भएको रहेछ। गाउँलेले पनि मरेकै भनेर जलाउन घाटमा लगेको बेला उक्त घटना छोराले घटाएको भनेर सूचना आएपछि प्रहरीले शव र मलामीलाई नियन्त्रणमा लिएको छ।' मलामी गएका १९ जना अहिले जिल्ला प्रहरी कार्यालयमा छन् भने शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल गोरखाको मुर्दाघरमा राखिएको छ।

# नागरिकले स्वास्थ्य सेवा सर्वसुलभरुपमा पाउनुपर्छ

प्रताप बानियाँ, म्याग्दी

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले नागरिकले स्वास्थ्य सेवा सर्वसुलभरुपमा पाउनुपर्ने बताउनुभएको छ। समाजकल्याण परिषद्अन्तर्गतको राष्ट्रिय स्वास्थ्य कोषले शनिबार म्याग्दीको बेनीमा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविर तथा परामर्श सेवालाई सम्बोधन गर्दै उहाँले सर्वसाधारणले सरल र सहज तरिकाले स्वास्थ्य सेवा पाउनुपर्ने बताउनुभएको हो।

मन्त्री थापाले दुर्गम क्षेत्रका नागरिकको स्वास्थ्य अवस्था पत्ता लगाउनका लागि निःशुल्क शिविर आयोजना गरिएको बताउँदै घरघरमा स्वास्थ्य सेवा पुऱ्याउन अहिलेको सरकारले आफ्नो नीति तथा कार्यक्रममा व्यवस्था गरेको जानकारी दिनुभयो। गाउँगाउँमा स्वास्थ्य सेवा लैजान आगामी दिनमा ठोस खालका कार्यक्रम सञ्चालन गरिने भन्दै उहाँले स्थानीय तहले स्वास्थ्य सेवासम्बन्धी विशेष कार्यक्रम गर्नुपर्ने बताउनुभयो। महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरेर गाउँपालिकास्तरमा स्वास्थ्य शिविर चलाइने उहाँको भनाइ छ।

समृद्ध मुलुक स्थापना गर्न सरकारले सर्वसाधारणको स्वास्थ्यलाई विशेष ध्यान दिएको बताउँदै मन्त्री थापाले दुर्गम तथा विकट क्षेत्रका स्थानीयमा स्वास्थ्यको पहुँच बढाउन विभिन्न किसिमका गतिविधि सञ्चालन हुने बताउनुभएको छ। सरकारले नीति तथा कार्यक्रमबाट ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकका लागि १ लाख रुपियाँसम्मको स्वास्थ्य बिमाको व्यवस्था गरेकाले सरकारी स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिक लक्षित छुट्टै उपचार कक्षको स्थापना गरिने मन्त्री थापाले बताउनुभयो।

परिवर्तित सन्दर्भमा अब देशका हरेक वडाबाट ज्येष्ठ नागरिकको तथ्यांक संकलन गरेर उनीहरुको उचित व्यवस्थापनमा लाग्नुपर्ने मन्त्री थापाले बताउनुभयो। उहाँले ज्येष्ठ नागरिकको उत्थान गर्नलाई स्थानीय तहले आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने भन्दै ज्येष्ठ नागरिकप्रति सबैले माया र सद्भाव देखाउनुपर्नेमा जोड दिनुभएको छ।

यसअघि म्याग्दीका महिला दिदीबहिनीसँग भेटघाट गर्दै मन्त्री थापाले महिलालाई आयआर्जनका क्षेत्रमा आबद्ध गराउनुपर्ने बताउनुभएको छ। उहाँले वर्तमान सरकारको प्रमुख दायित्व संविधानको कार्यान्वयन गर्ने रहेको भन्दै देशलाई विकासको गतिमा अगाडि बढाइने बताउनुभएको थियो। उहाँले महिलाहरुको आर्थिक-सामाजिक रुपान्तरण गर्न आवश्यक रहेको हुँदा विभिन्न किसिमका पेशा, व्यवसाय र आयआर्जनका क्रियाकलापमा महिलाको सहभागिता बढाउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री थापाले आगामी ५ वर्षभित्रमा देशबाट बेरोजगारको अन्त्य गर्ने सकारको लक्ष्य रहेको भन्दै स्वरोजगारमूलक कार्यक्रम सञ्चालनका लागि बजेट, नीति तथा कार्यक्रमबाट सम्बोधन गरिएको बताउनुभयो। समाजमा घट्ने लैंगिक एवं घरेलु हिंसा अन्त्य गर्न महिलालाई आर्थिकरुपमा सक्षम र सबल बनाउनुपर्ने बताउँदै आर्थिक उपार्जनका क्षेत्रमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ।

मन्त्री थापाले मुस्ताङको कोबाङदेखि उपचार सेवा लिन आएकी सतलदेवी पुनलाई नामदर्ता कागज हस्तान्तरण गरेर शिविरको शुभारम्भ गर्नुभएको थियो। शिविरमा बालरोग विशेषज्ञ डा. नवराज सुवेदी नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले उपचार सेवा दिएको थियो। स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधि वितरणको सेवा दिइएको शिविरमा म्याग्दीसहित मुस्ताङ र पर्वत जिल्लाका ३ सय बढी बिरामीले सेवा लिएका थिए।

## 'म मिडियामैत्री छु'

वीरगन्ज, (नेस)

प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले प्रदेश-२ को सरकार सञ्चारमन्त्री भएको बताएका छन्। नेपाल पत्रकार महासंघ प्रदेश-२ को प्रदेश समितिको विस्तारित बैठकमा मुख्यमन्त्री गद्दीले यस्तो बताएका हुन्। संघीय सरकार मातहत २०१२ को प्रहरी ऐन प्रभावकारी भए पनि प्रदेशमा भने छुट्टै ऐन ल्याउने तयारी भएरहेको बताएका हुन्। केन्द्र सरकारले अझै कर्मचारी र प्रदेश प्रहरी ऐनजस्ता प्रदेश सरकार मातहत हुने अधिकार दिन आनाकानी गरिरहेको भन्दै प्रदेश सरकार अब ५ वर्षसम्म कुरेर बसिरहन नसक्ने भन्दै प्रदेशको सुरक्षा व्यवस्था मजबुत बनाउन प्रदेश प्रहरी ऐन, लोकसेवा आयोगजस्ता प्रदेशलाई महत्त्वपूर्ण आवश्यकीय ऐन ल्याउन प्रदेश सरकारले तयारी गरिरहेको बताए।

संघीय सरकारजस्तो पत्रकारको हकमा प्रदेश सरकार निरंकुश नभई मिडियामैत्री हुने मुख्यमन्त्री गद्दीको तर्क छ। नेपालको राजनीति परिवर्तनको इतिहासमा सञ्चार क्षेत्रले खेलेको भूमिकालाई उच्च प्राथमिकता दिँदै आफू मुख्यमन्त्री रहुन्जेल यो प्रदेशको मिडिया क्षेत्रमा कतैबाट आँच आउन नदिने उनले दाबी गरे। प्रदेश सरकारले चाँडै प्रदेश पत्रकारिता अध्ययन प्रतिष्ठान स्थापना गर्ने बताएका छन्।

उनले एक फरक प्रसंगमा संघीय सरकारले नेपालमा संघीयता फेल गराउने अभिप्रायले अधिकार प्रत्यायोजन गर्न हिच्किचाइरहेको आरोप लगाए। 'संघीय सरकारको अहिलेसम्मको नीति असफल छ' -मुख्यमन्त्री गद्दीले तर्क गरे। प्रदेश-२ का अध्यक्ष दीपेन्द्र चौहानको अध्यक्षतामा भएको प्रदेशस्तरीय विस्तारित बैठकको उद्घाटन सत्रमा बोल्दै पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष विपुल पोखेल, प्रदेश-२ का उपाध्यक्ष केसी लामिछाने, महासंघ पर्सा शाखाका अध्यक्ष श्याम बन्जारालगायत पत्रकारले प्रदेश सरकारले पारित गरेको नीति तथा कार्यक्रममा पत्रकारको हितका लागि खासै नीति नआएको दाबी गरेका छन्। केन्द्रका उपाध्यक्ष पोखेलले प्रेस स्वतन्त्रता संकुचित गर्ने प्रयास गर्दा पूर्वराजाको इतिहासमा भएको हालतलाई नजरअन्दाज नगर्ने संघीय सरकार र प्रदेश सरकारले स्मरण गर्नुपर्ने तर्क गरेका थिए।

## राजीनामा दिनेलाई पार्टीद्वारा कारबाही

बुटवल, (नेस)

विवादित सामुदायिक वन उपभोक्ता समितिबाट राजीनामा गरेका तत्कालीन एमाले नेता तथा कार्यकर्तालाई पार्टीले कारबाही गरेको छ। वनमा उत्पन्न विवाद मिलाउने र समस्या समाधानको बाटो खोज्नुको साटो नेकपा एमाले बुटवल नगर कमिटिले आफ्ना कार्यकर्तामाथि कारबाहीको डन्डा घुमाएको उनीहरुले बताए। बुटवल सामुदायिक वनमा विवाद भई २ वटा समानान्तर समिति बनेको र विवादित समितिमा बस्न नसक्ने भन्दै रविन्द्र लाकौल नेतृत्वको समितिबाट ५ जनाले राजिनामा दिएका थिए। उक्त समूहबाट राजिनामा दिनेमा ३ जना एमाले र २ जना कांग्रेस कार्यकर्ता हुन्।

विवादित सामुदायिक वन समितिबाट राजीनामा दिएका हिकबहादुर दर्लामी (हितक) र जिवलाल पौडेल (जीवन) लाई पार्टीले पत्र काटेर कारबाही गरेको जानकारी गराउँदै स्पष्टीकरण सोधेको छ। साथै माधव प्रधान समूहलाई सहयोग गरेको र प्रधान नेतृत्वको समितिमा रहेका उपाध्यक्ष जुद्धबहादुर केसी, सदस्य निर्मला भण्डारी र सल्लाहकार टिकाराम शर्मालाई समेत एमाले नगर कमिटीले कारबाही गरेको छ। नगर इन्चार्ज ऋषि पाण्डेद्वारा हस्ताक्षर गरिएको स्पष्टीकरण पत्रमा पार्टीको आदेश नमानेको, पार्टी हितविपरीत कार्य गरेको र सरसल्लाह नगरी राजीनामा गरेको लगायतका आरोप लगाउँदै पार्टी सदस्यबाट निलम्बन गरिएको कारबाहीमा परेकाले जनाएका छन्।

कारबाहीका परेकाले पत्रकार सम्मेलन गरेर पार्टी नगर कमिटिमा लिखित तथा मौखिक स्पष्टीकरण बुझाइसकेको बताएका छन्। सामुदायिक वन उपभोक्ता समूह, बुटवल १-२ बाट राजीनामा दिएका र अर्को समितिमा बसेका पदाधिकारी र सदस्यसमेत ५ जनालाई पार्टीको नीति र सिद्धान्तविपरीत कार्य गरेको भन्दै नेकपा एमाले बुटवल नगर समितिले लिखित स्पष्टीकरणसहित कारबाही गरेको हो। सामुदायिक वन उपभोक्ता समूह, बुटवल १-२ बाट राजिनामा दिएका हिकबहादुर दर्लामी (हितक), जिवलाल पौडेल (जीवन) र माधव प्रधान नेतृत्वको प्रजातान्त्रिक समूहमा बसेका उपाध्यक्ष जुद्धबहादर केसी, सल्लाहकार टिकाराम शर्मा र सदस्य निर्मला भण्डारीलाई पार्टी सदस्यबाट निलम्बन गरी कारबाही अघि बढाइएको सञ्चारकर्मीसमक्ष बताएका छन्।

### एसईईको...

त्यसैगरी उहाँले ७० हजार ५ सय १२ विद्यार्थीले जीपीए २.४५ देखि २.८० 'बी', ६१ हजार ८ सय ७० विद्यार्थीले जीपीए २.०५ देखि २.४० 'सी प्लस', १ लाख १ हजार ४३ विद्यार्थीले १.६५ देखि २.०० 'सी' ल्याउन सफल भएको बताउनुभयो।

यसै गरी ३५ हजार ५ सय ८४ विद्यार्थीले १.२५ देखि १.६० 'डी प्लस', ५८ हजार ६ सय ८८ विद्यार्थीले ०.८५ देखि १.२० 'डी' ल्याएको परीक्षा नियन्त्रक रेग्मीले जानकारी दिनुभयो। यस वर्ष 'ई' ग्रेड कसैले पनि ल्याएका छैनन्।

आंशिकतर्फ 'ए प्लस' कुनै पनि विद्यार्थीको आएन भने २ विद्यार्थीले मात्रै जीपीए ३.२५ देखि ३.६० 'ए' ग्रेड ल्याएका छन्। आंशिकतर्फ १९ विद्यार्थीले जीपीए २.८५ देखि ३.२० 'बी प्लस', १ सय ७७ विद्यार्थीले जीपीए २.४५ देखि २.८० 'बी', ७ सय २ विद्यार्थीले जीपीए २.०५ देखि २.४० 'सी प्लस', ५ हजार ८ सय ९५ विद्यार्थीले जीपीए १.६५ देखि २.०० 'सी', ६ हजार ५ सय २७ विद्यार्थीले जीपीए १.२५ देखि १.६० 'डी प्लस', ३ हजार १ सय ८ विद्यार्थीले जीपीए ०.८५ देखि १.२० 'डी' ग्रेड ल्याएका छन्।

यता प्राविधिक धारको नियमिततर्फ ५ सय ३८ विद्यार्थीले 'ए प्लस', १ हजार ७ सय ६६ विद्यार्थीले 'ए', २ हजार ६ सय ५३ विद्यार्थीले 'बी प्लस', २ हजार ५ सय ८० विद्यार्थीले 'बी', ६ सय २९ विद्यार्थीले 'सी प्लस', १ सय १२ विद्यार्थीले 'सी', ५ विद्यार्थीले 'डी प्लस', ४ सय ७९ विद्यार्थीले 'डी' ग्रेड ल्याउन सफल भएका छन्। प्राविधिक धारको आंशिकतर्फ ३ जना विद्यार्थीले 'बी प्लस' र १ विद्यार्थी 'डी' ग्रेड ल्याउन सफल भएका छन्।

परीक्षा नियन्त्रक रेग्मीका अनुसार साधारण र प्राविधिकतर्फ ४ लाख ८५ हजार ५ सय ८६ परीक्षार्थीले परीक्षामा आवेदन दिए पनि परीक्षामा २१ हजार ८ सय ९७ परीक्षार्थी अनुपस्थित रहेको र ४ लाख ६३ हजार ६ सय ८९ परीक्षार्थीले परीक्षा दिएका थिए।

परीक्षामा मर्यादाविपरीत कार्य गर्ने ९ जना परीक्षार्थीको सबै विषय रद्द र ११ जनाको एक विषय रद्द गरी कुल २० जना परीक्षार्थीको परीक्षा रद्द गरिएको कार्यालयले जनाएको छ। प्राविधिक गडबढीका कारण दिउँसै नतिजा सार्वजनिक गर्ने भनिए पनि नतिजा प्रकाशनमा ढिलाइ भएको छ। दिउँसो ३ बजे बोर्ड बैठक राखेर नतिजा सार्वजनिक गर्ने परीक्षा नियन्त्रण कार्यालयको तयारी थियो। तर, तथ्यांकमा गडबढी भएपछि नतिजामा ढिलाइ भएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ।

विद्यार्थीले आफूले प्राप्त गरेको कुनै विषयको नतिजा चित्त नबुझेमा पुनर्योग गराउन सक्ने र त्यसका लागि प्रति विषय ५ सय रुपियाँ र आवश्यक विवरणसहित परीक्षा नियन्त्रण कार्यालय वा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय वा शिक्षा विकास तथा समन्वय एकाइमा नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र निवेदन दिन सक्ने व्यवस्था मिलाइएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ।

सैद्धान्तिक विषयतर्फ 'सी', 'डी प्लस' र 'ई' ग्रेड प्राप्त गर्ने परीक्षार्थीले जति विषयमा 'सी' ग्रेड र सोभन्दा तल्लो ग्रेड प्राप्त गरेको ६ त्यस्ता विषयमध्ये चाहेका विषयमा र मूल परीक्षामा २ विषयसम्म ग्रेड नखुलेका विषयमा परीक्षार्थीले पूरक (ग्रेडवृद्धि) परीक्षा दिन पाउने परीक्षा नियन्त्रक रेग्मीले बताउनुभयो। पूरक (ग्रेडवृद्धि) परीक्षा आगामी साउन २३ गते बुधबार बिहान ८ बजेबाट दैनिक सञ्चालन गरिने कार्यालयले जनाएको छ।

नतिजा प्राप्त गर्नका लागि टेलिफोन, एसएमएस र वेबसाइडको व्यवस्था गरिएको छ। जसअनुसार नेपाल टेलिकमको १६०० नम्बरमा डायल गरी प्राप्त निर्देशनबमोजिम नतिजा सुन्न सकिने व्यवस्था गरेको जनाएको छ।

शिक्षा ऐनमा भएको आठौं संशोधनले विद्यालय शिक्षालाई कक्षा १२ सम्म हुने व्यवस्था गरे पनि राष्ट्रिय परीक्षा बोर्डको अक्षमताका कारण परीक्षाको व्यवस्थापन साविककै परीक्षा नियन्त्रण कार्यालयमार्फत् भएको हो। सरकारले कक्षा १० सम्मको परीक्षा सञ्चालनको जिम्मा प्रदेश तहलाई दिइसकेकाले केन्द्रले परीक्षा लिने र नतिजा प्रकाशित गर्ने यो अन्तिमपटक भएको बताइन्छ।

### प्रदेशलाई...

भाग ८ मा संघीय व्यवस्थापिका, भाग १७ मा स्थानीय कार्यपालिका, भाग १८ मा स्थानीय व्यस्थापिका, भाग २० मा संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध सम्बन्धी व्यवस्था गरिएको छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले मन्त्री भएको ३ दिनमै मन्त्रालयमा आयोजना गर्नुभएको पत्रकार सम्मेलनमा प्रदेश तथा स्थानीय तहलाई कानुनको अभाव नहुने गरी सहजीकरण गर्ने जानकारी दिनुभएको थियो। उहाँले मन्त्रालयले सम्भव भएसम्मका कानुन आफैं बनाउने र प्रदेश तथा स्थानीय तह सञ्चालनमा देखिएका समस्या हल गर्ने बताउनुभएको थियो। नमुना कानुनको मस्यौदालाई प्रदेशसभाले आवश्यकताअनुसार परिवर्तन गर्नेछ।

महान्यायाधीवक्ताको संयोजकत्वमा विधेयक सहजीकरण समिति गठन गरिएको हो। समितिले विधेयक बनाउने प्रक्रियामा सहजीकरण गर्ने र सुझाव दिने काम गर्दै आएको छ।

समितिमा कानुन सचिव, सम्बन्धित मन्त्रालयका सचिव, प्रधानमन्त्री कार्यालयका कानुन सचिव, नेपाल कानुन आयोगका अध्यक्ष तथा पूर्वमन्त्री माधव पौडेल, पूर्वमन्त्री तथा मन्त्रालयकै पूर्वसचिव हरि न्यौपाने, मन्त्रालयकै पूर्वसचिव तीर्थमान शाक्य र कमलशाली घिमिरे सदस्यका रूपमा रहनुभएको छ।

मन्त्रालयका सूचना अधिकारी तथा उपसचिव विनोदकुमार भट्टराईले मन्त्रालयले प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्दै आएको बताउनुभएको छ। 'नयाँ अभ्यास भएकाले कार्यान्वयनमा केही समस्या छन्, विस्तारै अभ्यास गर्दै लानुपर्छ' -भट्टराईले भन्नुभयो। संविधानले संघलाई १ सय १०, प्रदेशलाई २२ र स्थानीय तहलाई ६ विषयका अधिकार प्रदान गरेको छ। प्रदेशका २२ मध्ये ८ वटाको सहजीकरण मन्त्रालयले गरिसकेको छ। संविधानले व्यवस्था गरेका मौलिक हकसम्बन्धी कानुन असोज ३ गतेसम्ममा कार्यान्वयन हुनुपर्नेछ। संविधानले संविधान बनेको ३ वर्षभित्रमा कानुन बनाएर मौलिक हकको कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ।

### कुन-कुन...

केही दिनमै संसद्को बैठकमा विधेयक पेस हुन्छ। एउटै कानुनले धेरै विषयमा काम गर्ने भएकाले यति नै कानुन बनाउन बाँकी र यति बने भन्न सकिँदैन। जे होस् असोज २ भित्र तोकिएकै सीमामा कानुन बनिसक्छ।'

मन्त्रालयका अनुसार विभिन्न प्रकृतिका ३ सय १४ वटा कानुन परिमार्जन गर्नुपर्नेछ। संघीय कानुन नबन्दा प्रदेशमा केही कानुन बनाउन असहज हुने भएकाले यसका लागि पनि सरकार लागिपरेको उहाँको दाबी छ। संघीयता लागू भए पनि कानुनको अभाव हुँदा अधिकार बाँडफाँड, सीमा, काम, कर्तव्य र अधिकारका विषयमा समस्या पैदा भएको छ। संविधानतः स्थानीय तह, प्रदेश र संघको नबाझिने गरी कानुन निर्माण गर्नुपर्ने हुन्छ।